सुदूरपश्चिमाञ्चल विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय,
महेन्द्रनगर कञ्चनपुर ।

**स्नातकोत्तर तह प्रथम सेमेस्टरको परीक्षा दिने परीक्षार्थीको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

**सूचना प्रकाशित मिति : २०७५। ०३। २५ गते**

सुदूरपश्चिमाञ्चल विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगरद्वारा वि.सं. २०७५ सालमा सञ्चालन हुने मानविकी तथा सामाजिक शास्त्र संकाय, शिक्षाशास्त्र संकाय, व्यवस्थापन संकाय Graduate (स्नातकोत्तर तह) **प्रथम** सेमेस्टरको नियमित एवं आंशिक परीक्षा दिने परीक्षार्थीहरुले मिति २०७५ साउन २२ गते सम्म निम्न कार्यक्रमानुसार परीक्षा आवेदन फाराम भरी आ–आफ्नो विभागमा बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## निम्न

- फारम परीक्षार्थी स्वयंले भरी बुझाउनु पर्ने छ ।
- आंशिक परीक्षार्थीले गत सालको सोही खण्डको परीक्षा दिएको रोल नंवर र वर्ष फारमको शिरमा र निर्दिष्ठ ठाउँमा अनिवार्य लेख्नु पर्ने छ ।
- फारम भर्दा वि.वि को नियमावली तथा पाठ्यक्रमले तोके वमोजिम विषयहरु मात्र भर्न भराउनु पर्ने छ । अन्यथा भएमा पनिका जवाफदेही हुने छैन ।
- विभागले फारम बुझाउनु अगाडि आन्तरिक मूल्यांकनको परीक्षामा उत्तीर्ण विद्यार्थीका मात्र फारम बुझी भरेका प्रत्येक फारम रुजु गरी अंग्रेजी वर्णानुक्रमानुसार स्पष्ट लगत राखी आन्तरिक मूल्यांकन नम्बर र एक प्रति प्रिन्ट सहित CD मा राखी उपलब्ध गराउनु पर्ने छ ।
- परीक्षार्थीले हालसालै खिचेको दुइप्रति एक नासको फोटो टाँसी फोटो र फारममा समेत पर्ने गरी विभागीय प्रमुखको हस्ताक्षर हुनु पर्ने छ ।
- विभागको हकमा भरेका परीक्षा फारम पहिलो म्याद सकिएको ३ दिन भित्र पनिकाको खातामा एकमुस्ट दस्तुर रकम तिरेको वैंक भौचर सहित परीक्षा आवेदन फारम अनिवार्य बुझाई सक्नु पर्ने छ, अन्यथा विलम्व शुल्क विभागले नै तिर्नु पर्ने छ ।
- परीक्षा शुल्क प्रति खण्ड वा सेमेस्टर : स्नातकोत्तरतह लाई रु ७००
- प्रयोगात्मक शुल्क प्रति खण्ड प्रति विषय स्नातकोत्तर तहका लागि रु ३०० का दरले लाग्ने छ ।
- विवि दर्ता फाराम भरेको विद्यार्थीले मात्र परीक्षा फाराम भर्नपाउने भएकोले विभागले परीक्षा फाराम बुझ्दा दर्ता फाराम भरे नभरेको एकिन गरि दर्ता नंबर अनिवार्य राख्न लगाउने र फाराम भर्न छुटेको भए दर्ता फाराम समेत भराई परीक्षा फराम बुझ्नु पर्नेछ, अन्यथा फाराम स्वीकृत हुने छैन ।
- विलम्व शुल्क: म्याद समाप्त भएको पहिलोहप्ता सम्म रु २००, दोस्रोहप्ता सम्म रु ५००, तेस्रोहप्ता सम्म रु ७००

परीक्षा नियन्त्रण कार्यालय